# KIAN हेल्लो खावासकी

अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,
भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानी
संघको होम पेज（https://www.kian.or.jp/hlkwsk.html）मा हेर्नु होस्।
खावासाकी अन्तर्राष्ट्रिय संघ　〒२११-००३३, खानागावा प्रान्त, खावासाकी, नाकाहारा वडा, किजुकी गिओन्च्यो २-२
फोन नं.: ०४४-४३५-७००० फ्याक्स नं.: ०४४-४३५-७०१० https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

**************************************************************************************



## विदेशी अथवा विदेशसँग जोडिएको बालबालिकाहरूको लागि प्राथमिक विद्यालय भर्ना सम्बन्धित जानकारी कार्यक्रम

"जापानको प्राथमिक विद्यालय भनेको कस्तो किसिमको हो ? " "विद्यालय भर्ना गर्नु अघि गर्नुपर्ने तयारीहरु के-के हुन् ?" "जापानिज भाषा नबुझ्ने हुनाले विद्यालयको भर्ना सम्बन्धित जानकारी कार्यक्रममा गए पनि केहि बुझ्न सक्दिन…" जस्ता प्राथमिक विद्यालय भर्ना सम्बन्धि चिन्तित विदेशी बालबालिका तथा उनीहरूका अभिभावकहरूको लागि संचालन गरिएको भर्ना सम्बन्धित जानकारी कार्यक्रम हो। प्राथमिक विद्यालय भर्ना सम्बन्धि थाहा नभएका कुराहरु सोध्न सक्नुहुन्छ। भिडियोहरू र बहुभाषिक निर्देशन पुस्तिकाहरु (हिरागाना पनि भएको बहुभाषिक गाइडबुकहरू) प्रयोग गरेर विद्यार्थी जीवन सम्बन्धि बुझ्ने गरि जानकारी दिनुको साथै भर्ना हुने बेला सम्म तयार गर्नु पर्ने सामानहरुको बारेमा जानकारी गरिन्छ। विद्यालयमा प्रयोग गर्ने समानको प्रदर्शनी पनि गरिएको हुन्छ।

**नि:शुल्क सहभागिता**
**बुकिंग आवश्यक**

**【मिति र समय】 २०२०/ २/ १ (शनिबार)　दिउँसो १:३० देखि ४:०० सम्म**
**【　स्थान　】 खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको हल**
**※भाषा अनुवाद / शिशु हेरविचार सुविधा उपलब्ध ( अग्रिम जानकारी गराउन आवश्यक छ)**
**【　सोधपुछ　】 खावासाकी अन्तर्राष्ट्रिय संघ　　फोन नं.: ०४४-४३५-७०००**

**************************************************************************************

## ४२ औं
## खावासाकी नागरिक (सिमिन) महोत्सव




**मिति　: २०१९/ ११/ २ (शनिबार), ३ (आइतबार) र ४ (सोमबार / सार्वजनिक बिदा)**
**परेड नोभेम्बर महिनाको ३ तारीख (आइतबार)**
**समय　: बिहान १०:०० देखि ४:३० सम्म (मौसम खराब भएमा रद्द)**
**स्थान　: खावासकी वडा, फुजीमी पार्क वरिपरि**

पैदल हिडेर : JR "खावासाकी स्टेशन (उत्तरी ढोका)" केइक्यू "केइक्यू खावासाकी स्टेशन" बाट पैदल हिडेर लगभग १५ मिनेट
बसबाट　: JR खावासाकी स्टेशन पूर्वी ढोका बसपार्कबाट बस चढेर "शिक्षा तथा संस्कृति हलको अगाडि" ओर्लिने

- खावासाकी नगरपालिकाको बस 《रुट नम्बर: खावा ०४, खावा ०५ , खावा ०७, खावा १०, खावा १३, खावा १५》(प्लेटफार्म नम्बर ११ देखि १५ सम्म)
- रिन्को बस 《रुट नम्बर: खावा ०२, खावा ०३》(प्लेटफार्म नम्बर १६, १७ र २०)

**सहभागीको आवश्यकता**

# "विपत्ति परेको बेलाको लागि बहुभाषी सहयोग केन्द्र" स्थापना सम्बन्धि तालिम

"विपत्ति परेको बेलाको लागि बहुभाषी सहयोग केन्द्र" भनेको ठूलो भूकम्प जस्ता प्रकितिक प्रकोप आएको बेलामा विदेशी बासिन्दाहरूलाई सहयोग गर्ने उद्देश्यले विभिन्न भाषामा प्रकितिक प्रकोप सम्बन्धि आवश्येक जानकारी दिई, "मानसिक शान्ति" पुर्याउने केन्द्र हो।



**यस केन्द्रको स्थापना सम्बन्धि तालिममा सहभागी हुने विदेशीहरू चाहिएको छ ।**



**मिति र समय ： २०१९/ १२/ ८ (आइतबार ) बिहान ९:३० देखि १२:००**

**स्थान ： खावासाकी अन्तर्राष्ट्रिय केन्द्र**

सोधपुछ ： बहुसांस्कृतिक सहकारिता विभाग ( वातानाबे ) फोन नं.: ०४४-४३५-७०००

**********************************************************************************

# 78 औं खावासाकी स्मरणीय तामागावा फायरवर्क (हनाबी) महोत्सव २०१९



**यो जापान भरिको साथ-साथै खानागावा प्रान्तको सबैभन्दा लोकप्रिय फायरवर्क (हनाबी) हो। प्रत्येक वर्षको जस्तै यस वर्ष पनि फेरि हनाबी पड्काउने दिन आउदै छ।**

**२०१९/ १०/ ५ (शनिबार)** ※मौसम खराब भएमा रद्द (पछि नसर्ने)

**[पड्काउने समय] ： साँझ ६:०० देखि ७:०० [पड्काउने संख्या] लगभग ६,००० पटक**

**[स्थान] ： तामागावा खोलाको किनार (फुटाको बाशी देखि दाईसान केइहामा दोवोरी सम्म)**

**[पड्काउने ठाउँ] ： खावासाकी, ताकाचु वडा, सुवा २ च्योमे अगाडिको तामागावा खोलाको किनार**

**【सोधपुछ】**

सान्क्यु कल खावासाकी फोन नं.: ०४४-२००-३९३९

कम्पनीहरू / सहयोगी समूहहरू / खावासाकी पर्यटन संघ फोन नं.: ०४४-५४४-८२२९

होम पेज ： https://sp.jorudan.co.jp/hanabi/spot_103697.html

**********************************************************************************

## [खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा]



यदि तपाईंले सोध्न चहेका केहि प्रश्नहरू भएमा अथवा समस्या परेमा सम्पर्क गर्नुहोस् । (नि: शुल्क)

★ अगस्ट महिना देखि यस केन्द्रको अनुवाद सेवा बन्द गरिएको छ। अफठयारो पर्न गएकोमा क्षमायाचना गर्दछौ।

・परामर्श सेवाको समय (१०:०० देखि १२:००, १:०० देखि ४:००)

| भाषा | बार |
|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार |
| कोरियन / उत्तर कोरियन | मंगलबार र बिहीबार |
| भियतनामी | मंगलबार र शुक्रबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार |

・परामर्श सेवाको प्रत्यक्ष सम्पर्क नं.: ०४४-४५५-८८११

| भाषा | बार |
|---|---|
| चिनियाँ | मंगलबार, बुधबार र शुक्रबार |
| स्पेनिश | मंगलबार र बुधबार |
| तागालोग | मंगलबार र बुधबार |
| थाई | सोमबार र मंगलबार |
| नेपाली | मंगलबार र शनिबार |

## * प्रशासनिक अधिकृत द्वारा नि: शुल्क परामर्श सेवा

(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने, तर सशुल्क )

- **मिति र समय ： २०१९/ १०/ २० (आइतबार ), २०१९/ ११/ १७ (आइतबार ) दिउँसो २:०० देखि ४:०० सम्म**
- **स्थान ： खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला** संघको बैठक कोठा